वुस्टर पब्लिक स्कूल्स

# स्कूल जानको लागि तयारी

## *आमाबाबुको लागि सुझाव*

- आफ्नो बच्चालाई नयाँ स्कूल जाने कुरामा उत्साहित गराउनुहोस् । “ठूलो स्कूल” मा पढ्न जाँदा कति रमाइलो हुन्छ भन्ने कुरा पटक पटक सुनाइरहनुस्, स्कूलमा बच्चाले गर्ने क्रियाकलापहरूको बारेमा भनिराख्नुहोस् । यसले बच्चालाई नयाँ स्कूल पठाउन सजिलो बनाउँछ ।
- बच्चालाई उ ठूलो भएकोमा आफू एकदमै गौरवान्वित भएको कुरा बच्चालाई सुनाउनुहोस्, उसले आफ्नो धेरै कामहरू आफैं गरेकोमा आफूलाई खुशी लागेको कुरा भन्नुहोस् र नयाँ स्कूलमा पनि उसले राम्रो गर्न सक्ने कुराको आश्वासन दिनुहोस् । यसले तपाईंको बच्चालाई नयाँ अनुभवहरूको लागि अघि बढ्न आत्मबल प्रदान गर्दछ ।
- बच्चाले निर्देशन पालना गर्नु पर्ने अवस्था बनाइदिनुस् – शुरुमा पहिलो खुड्किलो, त्यसपछि २, अनि ३ । बच्चालाई निर्देशनहरू सम्झिनको लागि अभ्यास गर्न सिकाउनुहोस् ।
- बच्चालाई आफ्नो स्याहार आफैं गर्न सिकाउनुहोस् जस्तैः उदाहरणको लागि आफैं दिसा पिसाब गर्ने, हात धुने, टाँक लगाउने र जिपर (चेन) लगाउने ।
- बच्चालाई यस्तो अवस्था बनाइदिनुस् कि जहाँ उसले आफूले सोचेको काम आफैंले गर्न सक्दैन र सहयोग माग्नु पर्ने हुन्छ । यदि बच्चाले सहयोग माग्न जानेन भने आफूले नम्र भएर सहयोग मागेर उसलाई देखाउनुहोस् र तपाईंले आफैं उसलाई सहयोग गर्नु अघि बच्चाले तपाईंको नक्कल नगरुन्जेल पर्खनुहोस् ।
- आफ्नो बच्चासँग दैनिक पुस्तक पढ्नुहोस् । पुस्तकका चित्रहरू र कथाकाबारेमा एकआपसमा कुरा गर्नुहोस् । यदि तपाईंको बच्चा लामो समयसम्म बस्न चाहेन भने प्रत्येक दिन छोटो समयको लागि पढ्नुहोस्, पढ्ने समय दुई मिनटै मात्रै छ भने पनि त्यो समयलाई रमाइलो बनाइदिनुस् । यसले तपाईंको बच्चाको ध्यान केन्द्रित गर्ने समयमा वृद्धि भएको देख्न सक्नु हुनेछ ।
- आफ्नो बच्चासँग बसेर टि भि हेर्नुहोस्, विशेष गरेर “बिटविन द लायन्स” र “सिसामी स्ट्रिट” जस्ता शोहरू । हेरिरहनु भएको प्रस्तुतिको बारेमा एक आपसमा कुरा गर्नुहोस् ।
- आफ्नो बच्चालाई धुने लुगा छुट्ट्याउन सहयोग गर्न दिनुहोस्, खाना खाने बेला टेबल मिलाउन दिने, पकाउन, बेक गर्न, र किनमेल गरेर ल्याएको सामान थन्क्याउन दिने र उनिहरूको किताब, खेलाउनाहरू थन्क्याउन लगाउने । यी सबै स्कूलको सीपसँग सम्बन्धित वर्गिकृत कामहरू हुन् ।
- बच्चालाई घरको साधारण काम गर्न सिकाउनुहोस् । धेरैजसो बालबालीकाहरूले उनीहरूको कोट झुण्ड्याउन र ओछ्यान मिलाउन सिक्न सक्छन् । बच्चाको क्रेयोन्स, कैंची, सिसाकलम र इरेजर मिलाएर राख्नको लागि घरमा स्कूल बाकस हुँदा राम्रो हुन्छ । बच्चालाईको घरको सजिलो काम गर्न लगाउनुहोस् । यी व्यवहारिक कामहरूले बच्चाको शारिरीक समन्वयको विकास पनि गर्दछ ।
- आफ्नो बच्चालाई दौडिन, उफ्रिन, चढ्न र बाहिर खेल्नका लागि प्रशस्त मौका दिनुहोस् । यस्ता क्रियाकलापहरू शहरमा आफू बसेको ठाउँ नजिकै, ग्रामीण क्षेत्रमा र पार्कमा गएर गर्न सकिन्छ; घरभित्र गर्न मिल्दैन । यस्ता ठाउँमा आफ्नो शरीर नियन्त्रणमा राख्न सिकेका बालबालीकाहरूले प्रायजसो नयाँ वातावरणमा उनीहरूको आत्मविश्वास रहन्छ र जटिल र समन्वयको आवश्यक पर्ने कार्यहरू गर्न जस्तै लाईनमा हिंड्न सक्षम हुन्छन् ।
- बच्चालाई नयाँ काम सिकाउँदा छुट्टा छुट्टै (एक पटकमा एउटा काम मात्र) गरेर सिकाउनुहोस् (उदाहरणको लागि टेबल मिलाउने, खेलौनाहरू टिप्ने) । बच्चाले सफलतापूर्वक काम पूरा गरेपछि हरेक पटक त्यसको प्रशंसा गर्नुहोस् । धेरै कम मानिसहरूले बच्चालाई अत्यधिक प्रशंसा गर्दछन्; तर हामी धेरैजसोले कम मात्रामा प्रशंसा गर्दछौं ।
- बच्चासँग विभिन्न ठाउँमा जाँदा त्यस ठाउँमा के के देखिरहनु भएको छ त्यसको बारेमा बच्चासँग कुरा गर्नुहोस् । आफूले देखेका वस्तुहरूको विशेषशताहरू औंल्याउनुहोस् (रङ्ग, नाप, आकार) र नाम भन्नुहोस् । बच्चालाई लगातार प्रश्न मात्र सोधिरहने भन्दा वयस्कहरूसँग सम्वाद गरे जस्तै गरि कुराकानी गर्नुहोस् । (“त्यो घर कुन रङ्गको छ ?” भनेर सोध्नुको सट्टा “ओहो ! त्यो रातो घर हेर त” भन्नुहोस् ; “मलाई ठूलो फर्सी धेरै मन पर्छ, ठूलो फर्सी देखाउ” भन्नुको सट्टा – “तिमीलाई चाहिं कुन मन पर्छ भनेर सोध्नुहोस्”)।
- पसल, लाइब्रेरी अथवा पार्टीबाट घर फर्केपछि बच्चालाई आज के के गर्‍यौं भनेर परिवारको अन्य सदस्यहरूलाई सुनाउन लगाउनुस् । यदि बच्चालाई उसले गरेको गतिविधि सुनाउन गाह्रो भयो भने उसलाई सहयोग गरिदिनुस् ताकि उसले कथा सुनाउन सकोस् । यस्तो शीपलाई रिकास्टिङ्ग (संझेर भन्ने) भनिन्छ । यो कला पढेर बुझ्ने कुरासँग सम्बन्धित छ ।
- बच्चाको वरिपरि पाइने कुराहरूको अक्षर, शब्द तथा अंकहरूलाई औंल्याई दिनुस् । (म्याक्डोनल्ड्स, घर नम्बर, परिवारको सदस्यहरूको नामको अक्षर) । यसले पढ्ने क्रममा संकेत चिन्नको लागि आधार तयार गरिदिन्छ ।
- वस्तुहरू बारम्बार गन्ति गर्नुहोस्, नम्बरहरू छुँदै भन्नुहोस् । यसरी भन्दा संख्याले वस्तुहरूको प्रतिनिधि गर्छ भन्ने कुरा बच्चाले बुझ्दछ ।
- बच्चा ठूलो भएपछि उसको मन पर्ने रमाईलो जागिर के हुन सक्ला भन्ने कुरा बारम्बार गर्नुस् तर जागिरबाट धेरै पैसा कमाउने कुरा नगर्नुस् । जागीर खान कडा परिश्रम गर्नु पर्छ र स्कूलमा राम्रो पढ्नु पर्छ भन्ने कुरा बच्चालाई बोध गराउनु पर्दछ ।
- प्रत्येक व्यक्ति अद्वितीय र विशेष हुन्छन् भनि प्रशंसा गर्न सिकाउनुस्; मानव विविधता संसारको सुन्दर पक्ष हो त्रास होइन भनि सिकाउनुस्; खुशी भएर बाँच्न सबै मानिसले अरुलाई सहयोग गर्नुपर्छ र आफूलाई पनि सहायता चाहिन्छ भन्ने कुरा सिकाउनुस् ।
- आफ्नो बच्चासँग आनन्द लिएर समय विताउनुहोस् । मानिस र संसारप्रति सकारात्मक र भरोसा गर्ने तपाईंको बच्चाले सिकेको प्रवृत्ति उसको जीवनभरि रहिरहने छ ।




वुस्टर पब्लिक स्कूल्स

# स्कूल जानको लागि तयारी

## आमाबाबुको लागि सुझाव

